# नार्पा भूमि गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८२

गाउँसभामा पेश मिति :- २०८२।०३।१० गते

गाउँसभाबाट स्वीकृत मिति :- २०८२।०३।२३ गते

*प्रमाणित मिति: २०८२।०३।२३*

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्यांखु मनाङ
गण्डकी प्रदेश ।

# नार्पा भूमि गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:-**

स्थानीय जनप्रतिनिधीहरुको नीतिगत निर्णयहरुलाई दुर्तगतिमा कार्यान्वियनमा लैजान तथा स्थानीय सरकारलाई पुर्णरुपमा जनताप्रति उत्तरदायि वनाई सेवाप्रवाहलाई चुस्त दुरुस्त बनाउन कर्मचारीहरुको कार्यसम्पादन स्तरलाई उच्च राख्नु जरुरी छ । गाउँपालिकाको समृद्धि र विकासको लागि उच्च मनोवलयुक्त ईमान्दार र कर्तव्यनिष्ठ कर्मचारीहरुको आवश्यकता पर्दछ । गाउँपालिकामा उपलब्ध जनशक्तिलाई टिकाई राख्नका साथै प्रतिस्पर्धी रुपमा उच्च मनोवलका साथ काममा प्रेरित गर्नको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म अनुरुप स्थानीय सरकारप्रति अपनत्वको भावना श्रृजना गराउने हेतुले नार्पा भूमि गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को उपदफा १ को अधिकार क्षेत्र प्रयोग गरी यो कार्यविधी जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:-**

(क) यो कार्यविधीको नाम "नार्पा भूमि गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधी, २०८२" रहनेछ ।

(ख) यो कार्यविधी गाउँसभाको बैठकले पारित गरेको मिति देखी लागु हुनेछ।

२. **परिभाषा:-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "स्थानीय तह" भन्नाले नार्पा भूमि गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले नार्पा भूमि गाउँपालिका लगायत गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले नार्पा भूमि कार्यपालिकाकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) प्रमुख" भन्नाले नार्पा भूमि गाउँपालिकाको गाउँ प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "उप-प्रमुख" भन्नाले नार्पा भूमि गाउँपालिकाको गाउँ उप- प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नार्पा भूमि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "कर्मचारी" भन्नाले नार्पा भूमि गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत दरबन्दी भित्र रही नार्पा भूमि गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीलाई जनाउनेछ । सो शब्दले करार सेवामा कार्यरत कर्मचारीलाई समेत जनाउनेछ ।

(झ) "पुनरावलोकनकर्ता भन्नाले नार्पा भूमि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "सुपरिवेक्षक" भन्नाले शाखा प्रमुख (अन्य कर्मचारी भन्दा एक तह माथिको भए सम्वन्धित शाखा प्रमुख र शाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत र वडा सचिव, वडा कार्यालय सहायक कर्मचारी, हलुका सवारी चालक,

कार्यालय सहयोगी, गाउँ प्रहरी चौकीदार, सुरक्षा गार्ड लगायत अन्य शाखा नखुलेको हकमा नार्पा भूमि गाउँपालिकाको प्रशासन शाखा प्रमुखलाई बुझिनेछ ।

(ट) "भत्ता" भन्नाले यसै कार्यविधी बमोजिम तोकिएको कर्मचारीको खाइपाई आएको तलबको अनुपात बमोजिमको रकम बुझिनेछ ।

## ३. प्रोत्साहन भत्ता सम्बन्धी व्यवस्थाः-

१. देहाय बमोजिमका प्रोत्साहन भत्ता मासिक रुपमा उपलब्ध गराईनेछ ।

क. संचार खर्च मासिक:

प्रमुख प्रशासकीय अधिकृत- रु. २०००
शाखा प्रमुख अधिकृत स्तर- रु. १०००।—
सूचना अधिकारी — रु २०० थप
शाखा प्रमुख सहायक स्तर- रु. ८००।—
स्वास्थ्य चौकी/ईकाइ प्रमुख- रु ८००
हे.स.चा./ह.स.चा. – रु ४००
कार्यालय सहयोगी — रु ३००
वडा सचिव - रु. ७००।—
सहायक पाँचौ /चौंथो -रु ७००/रु ५००
अन्य गा.पा. कर्मचारी - रु २००।—

ख. इन्धन मासिक:

वडा सचिव तथा अन्य कर्मचारी - १० लि.
शाखा प्रमुखहरुलाई - १५ लि.
(मासिक)

ग. स्वास्थ्यकर्मी फिल्ड खर्च(मासिक)

वडा नं. १ —नार १०००।—
वडा नं. २ मेता — ५००।—
वडा नं. ३ च्यांखु — ६००।—
वडा नं. ४ क्याङ — ७००।—
वडा नं. ५ फू — १०००।—

घ. सवारी मर्मत खर्च — १००००। वार्षिक (बिजक पेश गर्नुपर्ने)

ङ. प्राविधक फिल्ड भत्ता (मासिक)

ईन्जिनियर- रु १००००।००
सब ईन्जिनियर- रु ९०००।००
अ. सब ईन्जिनियर/खा.पा.स.टे.- रु ८०००।००

च. खाना तथा खाजा खर्च

कार्यालय प्रमुख- रु १५०००।००

२. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा मातहतका अन्य कार्यालयमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा शुरु तलब स्केलको दश प्रतिशत स्थानीय दुर्गम प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

३. स्वास्थ्यकर्मीहरुले फिल्ड खर्च दाबि गर्न घरदैलो गरेको वडा अध्यक्ष र स्वास्थ्य शाखा प्रमुखले प्रमाणित गरेको माईनुट पेश गर्नुपर्नेछ ।

४. जाडोको मौसममा मंसिर १५ देखि चैत्र १५ सम्म प्राविधक फिल्ड भत्ता प्रदान गरिने छैन ।

CamScanner

५. पालिकाभित्रका वर्थिङ सेन्टरमा सुत्केरी गराउँदा संलग्न स्वास्थ्यकर्मीलाई प्रोत्साहन स्वरुप प्रति सुत्केरी रु १००० प्रदान गरिनेछ ।

६. गाउँ कार्यपालिकामा सेवा करारमा कार्यरत हलुका सवारी चालकलाई प्रोत्साहन स्वरुप खाजा खर्चको रुपमा मासिक रु १५०० तलव संगै थप रकम उपलब्ध गराइनेछ ।

७. वडा कार्यालयहरुवाट मुचुल्का रोहवरमा बसेका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई संकलित रकमको ३३ प्रतिशत प्रोत्साहन उपलब्ध गराइनेछ ।

८. यस अघि विभिन्न कार्यपालिका तथा गाउँसभाका निर्णयहरुवाट कर्मचारीहरुलाई दिइएको प्रोत्साहन भत्ताहरु यसै कार्यविधि अन्तर्गत खर्च भएको मानिनेछ ।

९. गाउँ कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई खाना तथा खाजा पालिकावाट व्यवस्था नगरेको हुँदा सो वापत मासिक रु १५,००० (पन्ध्र हजार) उपलब्ध गराउन सकिने छ । कार्यालयमा कर्मचारीलाई टिकाउनको लागि लेखा प्रमुख र योजना तथा प्रशासन प्रमुख लाई समेत जनही ५००० पाँच हजार उपलब्ध गराउन वाधा पर्ने छैन ।

## ४. प्रोत्साहन भत्ता उपलब्ध नहुने :

नार्पा भूमि गाउँपालिकामा कार्यरत कर्मचारीलाई देहाय बमोजिमका अवस्थाहरुमा प्रोत्साहन भत्ता उपलब्ध गराईने छैन ।

(क) अनुशासनहिन काम गरी सजाय पाएमा ।

(ख) तोकिएको जिम्मेवारी पुरा नगरेमा ।

(ग) विना जानकारी कार्यालयमा अनुपस्थित भएमा ।

(घ) कार्य सम्पादन स्तर सन्तोषजनक नभएमा ।

(ङ) गाउँपालिकाले निश्चित समय र काम विशेषका लागि दैनिक ज्यालादारीमा नियुक्त गरेका कर्मचारी तथा नेपाल सरकार वा अन्य दातृ निकाय वा संघ संस्थाबाट सञ्चालित आयोजना एवं परियोजना अन्तर्गत गाउँपालिकामा कामकाज गर्ने गरी खटिएका कर्मचारीहरुलाई यस कार्यविधी बमोजिम प्रोत्साहन गर्न गरिनेछैन ।

(च) गाउँपालिकाको गाउँसभा अधिवेशनबाट कर्मचारी प्रोत्साहन शिर्षकमा विनियोजन भएको रकमले नपुग्ने अवस्था भएमा ।

## ५. कार्यान्वयन तथा कार्यविधिः-

क. फिल्ड भत्ता पाउने कर्मचारीहरुले सोहि कामका लागि दैनिक भ्रमण भत्ता पाउने छैनन ।

ख. कुनै कर्मचारी महिनामा १५ दिनभन्दा बढी विदामा बसेमा उक्त अवधिको प्रोत्साहन भत्ता दामासाहीले कटाई भुक्तानी गरिनेछ ।

ग. प्रोत्साहन भत्ता मासिक रुपमा देहायका सूचकहरुका आधारमा प्रदान गरिनेछ ।

१. कार्यालयमा नियमितता ।

२. कार्यसम्पादनमा अग्रसरता र क्रियाशिलता ।

३. कार्यसम्पादन करार सम्झौताका सूचक बमोजिम कार्य सम्पादन गरेको ।

४. सेवा प्रवाहलाई प्रभावकारी रुपमा सम्पादन गरेको ।

५. सेवाग्राही सन्तुष्टि ।

६. स्थानीय सरकारको मर्म अनुरुप कार्य गरेको ।

७. कार्यालयको समय बाहेक अतिरिक्त समय काम गरेको ।

८. नार्पा भूमि गाउँपालिकाको सोच "सम्पन्न नार्पा भूमि, प्रसन्न नार्पा जाति" लाई साकार बनाउने गरि कार्य सम्पादन गरेको ।

६. <u>प्रोत्साहन सुविधा दाबी गर्न नपाइने:-</u>

देहायका अवस्थामा स्थानीय प्रोत्साहन सुविधा दावी गर्न पाइने छैनः-

१. एक महिनामा १५ दिन भन्दा वढी विदा लिएमा तर ५ दिन भन्दा वढी १५ दिनसम्म विदा लिएमा हाजिर भएको अवधिको दामासाहीले प्रदान गरिनेछ ।

२. कार्यसम्पादन सन्तोषजनक नदेखिएमा/सेवाग्राहीवाट पटक पटक गुनासो आएमा।

३. विना जानकारी कार्यालयमा ५ दिन भन्दा वढी गयल भएमा ।

४. यस गाउँपालिकावाट अन्यत्र काज खटिइ गएको अवस्थामा

७. <u>वित्तिय स्रोत व्यवस्थापनः-</u> यस निर्देशिका बमोजिम प्रदान गरिने प्रोत्साहन भत्ता गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतको आम्दानीवाट मात्र गाउँसभावाट विनियोजित बजेटको परिधिभित्र रहि उपलब्ध गराउनु पर्नेछ ।

८. <u>प्रोत्साहन भत्ता पुनरावलोकन :-</u>

१. कर्मचारी प्रोत्साहन भत्ता पुनरावलोकनका लागि देहाय वमोजिमको समिति रहनेछ ।

क. गाउँ कार्यपालिकाका अध्यक्ष — संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

२. उपदफा १ वमोजिमको गठित समितिको बैठकमा आवश्यकता अनुसार बस्नेछ ।

९. <u>संशोधन तथा परिमार्जन :-</u> नार्पा भूमि गाउँपालिकाको प्रोत्साहन भत्ता निर्देशिकालाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

१०. <u>बचाउ तथा खारेजी :-</u> १) संचार खर्च संचालन कार्यविधि, २०८१ खारेज गरिएको छ ।

CamScanner

२) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनसंग बाझिएको हकमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

आज्ञाले

शुशिल लम्साल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner